## कालीगण्डकी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

### बिर्घा, स्याङ्जा

# कालीगण्डकी गाउँपालिकाको कृषि तथा पशु कार्यक्रम संचालन कार्यविधि– २०८०

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः

## कालीगण्डकी गाउँपालिकाको कृषि तथा पशु कार्यक्रम संचालन कार्यविधि– २०८०

पृष्ठभूमि :

बहुजाति, बहुभाषा, धर्म, संस्कृतिको धनि बिबिध क्षेत्रमा सम्भावना बोकेको यस कालीगण्डकी गाउँपालिकामा कृषि बिकासका लागि कृषिजन्य बस्तुको उत्पादन, उत्पादकत्व वृद्धि गर्ने गरि गाउँपालिका भित्रका सबै वडाहरुमा क्षेत्रानुसार विभिन्न कृषि क्रियाकलापहरु विविध कृषि कार्यक्रम संचालनमा कृषक, कृषक समुह, सहकारी, कृषि संस्था तथा विभिन्न कृषि फर्महरुलाई उचित कृषि विकास तथा मर्यादित कृषि व्यावसाय संचालन तथा परिचालनमा जोड दिदै कृषि बिकासमा अगाडी बढ्ने, कृषि उत्पादनमा वृद्धि गर्ने तथा कृषिको आधुनिकीकरण, बजारीकरण र औधोगीकिकरण गर्दै विविध रोजगारीका अवसरहरु सिर्जना गर्दै कृषिजन्य पदार्थको उत्पादन र उत्पादकत्व वृद्धि गर्न एवं स्वीकृत कार्यक्रम संचालनमा एकरुपता, परिणाममुखी र गुणस्तरिय बनाई कृषि प्रसारको व्यवस्थापन, संचालन, नियन्त्रण र नियमनका लागि कानुनि व्यवस्था गर्न आवश्यक देखिएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि बनाई जारी गरिएको छ।

### परिच्छेद–१

**१. संक्षिप्त नाम र प्रारम्भ**

क)यस कार्यविधिको नाम कालीगण्डकी गाउँपालिकाको कृषि तथा पशु कार्यक्रम संचालन कार्यविधि २०८० रहेको छ।

ख) यो कार्यविधि कालीगण्डकी गाउँपालिका गाउँ कार्यपालिका बाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

ग) यो कार्यविधि कालीगण्डकी गाउँपालिका क्षेत्र भित्र लागु हुनेछ।

### परिच्छेद–२

**२. परिभाषा:** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) गाउँपालिका भन्नाले कालीगण्डकी गाउँपालिका, स्याङ्जा सम्झनु पर्दछ।

ख) कार्यपालिका भन्नाले कालीगण्डकी गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ।

ग) अध्यक्ष भन्नाले कालीगण्डकी गाउँपालिकाको अध्यक्षलाइ सम्झनु पर्दछ ।

घ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले कालीगण्डकी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

ङ) उत्पादक भन्नाले कालीगण्डकी गाउँपालिका भित्र कृषि जन्य बस्तु उत्पादन गर्ने कृषक,कम्पनि,कृषि फार्म,सहकारी उत्पादक सम्झनु पर्दछ।

च)कृषक भन्नाले कालीगण्डकी गाउँपालिका भित्र कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा कृषि खेति गर्ने कृषक, कृषक समुह, कृषि ब्यावसायी, कृषि फार्म र कृषि सहकारी समेतलाई सम्झनुपर्नेछ।

छ)कृषि भन्नाले सम्बन्धित कृषिलाई सम्झनु पर्दछ र सो शब्दले व्यवसायिक कृषिलाई समेत जनाउदछ।

ज)कृषि फर्म भन्नाले व्यवसायिक प्रयोजन बमोजिमका बाली उत्पादनका लागि संचालन गरिएको कृषि फर्म सम्झनु पर्दछ।

झ)कृषि बजार भन्नाले कृषि उपजको ग्रडिङ्ग, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, विवरण तथा कृषि उपजको विक्रिवितरण गर्ने कृषि बजार सम्झनु पर्दछ।

ञ)वडा भन्नाले कालीगण्डकी गाउँपालिका भित्रको वडा सम्झनु पर्ने छ।

ट)योजना शाखा भन्नाले कालीगण्डकी गाउँपालिका भित्रको योजना शाखा सम्झनु पर्ने छ। '

ठ)कृषि शाखा भन्नाले कालीगण्डकी गाउँपालिका भित्रको कृषि शाखा सम्झनु पर्नेछ।

ड) पशु सेवा शाखा भन्नाले कालीगण्डकी गाउँपालिका भित्रको पशु सेवा शाखा सम्झनु पर्नेछ।

ढ)मुल्यांकन समिति भन्नाली कृषि तथा पशु विकास कार्यक्रम मुल्यांकन समिति सम्झनु पर्नेछ।

ण)कार्यविधि भन्नाले कालीगण्डकी गाउँपालिकाको कृषि कार्यक्रम संचालन कार्यविधि २०८० सम्झनु पर्नेछ।

भिम बहादुर थापा
गा. पा. अध्यक्ष

ख)समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा कर्मचारी तथा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

ग)कालीगण्डकी गाउँपालिकाको कृषि शाखाको कार्यक्रम छनौट, मुल्यांकन, कार्यान्वयन तथा व्यवस्थापन गर्दा कार्यक्रम अनुसार भत्ता उपलब्ध गराउन सकिनेछ।

परिच्छेद –५

**५. कार्यक्रम संचालन सम्बन्धमा :**

**क)ताजा तरकारी उत्पादन कार्यक्रम**

१)कार्यक्रम को नारा टोलटोलमा नर्सरी र घरघरमा करेशाबारी हुनेछ

२)गाउँपालिका भित्रका सबै वडाहरुमा वडाका जनप्रतिनिधिहरुको बैठक निर्णयका आधारमा वडा भित्रको कुनै टोलमा तरकारी बालीको सामुहिक नर्सरी स्थापना गरिने छ।

३)कृषक हरुको सामुहिक उपस्थिति र सहभागितामा नर्सरी स्थापना देखि विरुवा वितरण कार्य संचालन हुनेछ।

४)बर्षमा २ पटक ( हिउँदे र बर्षे गरि ) हरेक वडामा नर्सरी स्थापना गरि बेर्ना वितरण कार्य तथा सामुहिक खेति प्रोत्साहनका लागि कुनै एक टोलमा ५०% अनुदानमा प्लास्टिक टनेल सिट वितरण कार्य संचालन गरिनेछ।

५)हरेक पटक नयाँ टोललाई प्राथामिकता प्रदान गरिने छ।

६)छनोट गरिएको टोलमा नर्सरी स्थापना, बेर्ना उत्पादन तथा उत्पादित बेर्नाहरु कृषकहरुलाई निःशुल्क वितरण गरिनेछ।

७)कार्यक्रम संचालनका लागि आवश्यकता अनुसार फिल्ड कर्मचारी व्यवस्था गरिने छ।

८)फिल्ड कर्मचारीले जग्गा छनोट, कृषक सहभागिता, नर्सरी स्थापना, बेर्ना उत्पादन, बेर्ना वितरण तथा वितरित बेर्नाको अवस्था र यस कार्यक्रम संग सम्बन्धित व्यवस्थापन, रेखदेख सम्बन्धि सम्पूर्ण कार्यहरु गर्नुपर्ने र हरेक वडाहरुको कार्यक्रम संचालनको उपस्थिति, निर्णय, खपद भएका सामग्री, उत्पादित बेर्ना, आर्थिक लागत, वितरण भरपाई इत्यादि कुराहरुको रेकर्ड कृषि शाखामा पेश गर्नुपर्नेछ।

९) फिल्ड कर्मचारीलाई मासिक न्यूनतम रु २२ हजार पारीश्रमिक उपलब्ध गराइने छ साथै समय समयमा मासिक पारीश्रमिकलाई कार्यपालिकाले समायोजन गर्न सक्नेछ।

१०)भुक्तानी प्रक्रिया कृषि शाखा मार्फत हुनेछ।

**ख)ड्रागन फ्रुट सम्बन्धि कार्यक्रम :**

अ)नमुना ड्रागन फ्रुट बगैचा :

१)गाउँपालिकाले जमिन लिजमा लिई संचालन गरेको वा गाउँपालिकाको स्वामित्वमा रहेको ड्रागन फ्रुट बगैंचा संचालनका लागि दैनिक ज्यालादारीमा हेरालु कर्मचारी व्यवस्था गरिनेछ र सो कर्मचारीहरुको कार्य अनुगमन, ज्याला भुक्तानी प्रक्रिया तथा कार्यसम्पादन सम्बन्धि रेखदेख कृषि शाखा मार्फत हुनेछ।

२)हेरालु कर्मचारीहरुले ड्रागन बगैंचा संग सम्बन्धित गोडमेल, खनजोत, व्यवस्थापन, सिंचाई, मलखाद, जैविक लगायतका सुरक्षा इत्यादि र गाउँपालिका वा कृषि शाखाले खटाएको अवस्थामा गाउँपालिका मातहतका अन्य कार्यहरु गर्नुपर्ने छ।

३)ड्रागन फ्रुट संग सम्बन्धित रहेर बिनियोजन गरिएको रकम ड्रागन फ्रुट बगैंचा व्यवस्थापन तथा कर्मचारी एवं कामदार व्यवस्थापन लगायतका कार्यहरुमा खर्च गर्न सकिनेछ र सो का लागि प्रस्तावित खर्च विवरण प्रमुख प्रशासकीय अधिकृत मार्फत स्वीकृत गरेको हुनुपर्नेछ।

४)हेरालु कर्मचारी आवश्यकताका आधारमा थपघट गर्न सकिनेछ

५)ड्रागन फ्रुट बगैंचा भित्र छोटो समयमा धेरै कार्यसम्पादन गर्नुपर्ने अवस्था आएमा र हेरालु कर्मचारी मात्रैले जनशक्ति अपुग हुने अवस्था आएमा आवश्यकता अनुसार दैनिक ज्यालादारीमा श्रमिक व्यवस्था गर्न सकिनेछ।

आ)ड्रागन फ्रुटमा अनुदान सम्बन्धमा

१)ड्रागन फ्रुट बगैचा स्थापना गर्न इच्छुक कृषक,समुह,सहकारी,फार्म,कम्पनि हरुका लागि अनुसूची ५ बमोजिम सूचना प्रकाशन गरिनेछ।

२)यस कार्यक्रममा बिरुवा ५०% अनुदानमा र पिलर शतप्रतिशत अनुदानमा प्रदान गरिनेछ।

निवेदन संकलन तथा आवेदक हरुको जमिनको प्राविधिक सम्भाव्यता कृषि शाखा मार्फत अध्ययन अनुगमन हुनेछ।

३)अनुदान कार्यक्रम संचालनका लागि आवश्यक बिरुवा गाउँपालिका मातहतको नमुना ड्रागन फ्रुट बगैंचाको नर्सरी बाट उपलब्ध हुनेछ।

**ग)ब्यावसायिक फूलखेती कार्यक्रम**

१)व्यावसायिक फूल खेति कार्यक्रममा सहभागी हुन इच्छुक कृषक,समुह,सहकारी,फार्म,कम्पनि हरुका लागि हरुलाई आवेदन पेश गर्नका लागि अनुसूची १ बमोजिम सूचना प्रकाशित गरिनेछ।

२)प्राप्त आवेदनहरुमा कृषि शाखाका प्राविधिकहरुको अनुसूची २ बमोजिमको स्थलगत अनुगमन प्रतिवेदनको आधारमा व्यावसायिक फूल खेतिका लागि उपयुक्त जमिन लगायतका अत्यावश्यक कुराहरु भएका कृषकहरु छनोट गरिनेछ।

३)छनोट भएका कृषक हरु संग अनुसूची ३ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ।

४)छनोट भएका कृषकहरुले कम्तिमा २ रोपनी क्षेत्रफलमा व्यावसायिक फूलखेति गर्नुपर्नेछ।

५)छनोट भएका कृषकहरुलाई अनुदान रकम ( लागतको ५०% वा बढिमा प्रतिरोपनी रु ९०००।) कार्यसम्पादन पश्चात उपलब्ध गराइने छ।

६) फूलका बेर्ना, माला तथा खुला फूल बिक्री सम्बन्धमा कृषि शाखा र कृषकहरुको बैठकबाट बिक्री सम्बन्धी दररेट कायम हुनेछ।

७) फूल बिक्रीका क्रममा आवश्यकता अनुसार ब्यावसायिक फूलखेती कार्यक्रम मार्फत ढुवानीको ब्यवस्था गर्न सकिनेछ।

८) अनुदान रकमलाई कृषि कार्यक्रम सञ्चालन समितिको बैठक बसी समयसमयमा परिमार्जन गर्न सकिने छ।

**घ)नवप्रवर्तन कार्यक्रम**

१)आ.व. २०७९/०८० मा गाउँपालिकामा सञ्चालित नवप्रवर्तन साझेदारी कोष कार्यक्रमको निरन्तरता स्वरूप केराको थाम तथा रेशा बाट विविध हस्तकलाका सामग्री, रेशा एवं विभिन्न रुखविरुवाका पातपाट प्लेट बनाउने र सो का लागि कर्मचारी व्यवस्थापन गरि रोजगारी सिर्जना गर्ने कार्य संचालन गरिने छ र रोजगारमा आवद्ध ब्याक्तिलाई मासिक न्युनतम रु १५००० पारिश्रमिक हुने गरि रोजगारी प्रदान गरिनेछ । यस सम्बन्धमा गाउँसभामा छलफल गरि थप अगाडी बढाउन सकिने छ।

२)उत्पादन कार्यमा खटाइएका कर्मचारीहरुको कार्यसम्पादन अनुगमन, निरीक्षण, हाजिरी व्यवस्थापन तथा रेखदेखका लागि दैनिक ज्यालादारीका आधारमा भुक्तानी गरिने गरि प्राविधिक निरीक्षकको व्यवस्था गरिनेछ। साथै यसरी खटिएको कर्मचारीलाई मासिक न्यूनतम रु २० हजार पारीश्रमिक दिइने छ।

३)निरीक्षकले दैनिक रेकर्ड राख्ने, रिपोर्टिंग गर्ने तथा मासिक प्रतिवेदन कृषि शाखामा पेश गर्नुपर्नेछ।

४)ज्यालादारी कर्मचारीहरुले उत्पादन गरेका सामग्रीहरुको खरिद, उपयोग तथा बजारीकरण सम्बन्धी कार्यहरु गाउँपालिकाले गर्ने छ।

खिम बहादुर थापा
गा. पा. अध्यक्ष

५)मेसिन प्रयोग बिना घरमा नै कसैले हस्तकलाका सामग्री निर्माण गरेका छन् भने गुणस्तर राम्रो भएमा सो को खरिद समेत गाउँपालिकाले नै गर्नेछ।

६)कार्यक्रम संचालनका लागि आवश्यक तालिम पनि संचालन गर्न सकिनेछ।

७)कार्यक्रम संचालनका क्रममा आवश्यक मेसिनरी समेत खरिद गर्न सकिनेछ।

८)यस कार्यक्रम मार्फत कृषक,समुह,सहकारी,फार्म,कम्पनि हरु तथा गाउँपालिका भित्रका बिद्यालयहरुका लागी केरा खेतीमा अनुदान कार्यक्रम तथा नि:शुल्क बेर्ना बितरण कार्यक्रम सञ्चालन गर्न सकिने छ।

९)खरिद गरिएका सामग्रीहरुको बजारीकरण तथा बिक्रीवितरण, कार्यक्रम संचालनका लागि तालिम व्यवस्थापन तथा अन्य प्राविधिक कार्यहरुका लागि हस्तकला तथा मेसिनरी संग सम्बन्धित संघ संस्थाहरुसंग सहकार्य गरिनेछ।

१०)हस्तकला उत्पादन तथा बजारीकरण सम्बन्धि कार्यहरु नयाँ भएकाले यस कार्यक्रमको प्रचारप्रसार तथा बजार स्थापनाका लागि उचित बजार नबन्दाको अवस्था सम्म उत्पादक कर्मचारीसँग खरिद गरिएको रकमको ५०% सम्म अनुदान सहुलियत प्रदान गरि बजारीकरण गर्न सकिनेछ।

११)रोजगारी प्रदान गर्न लागिएका कर्मचारीहरु संग र निरीक्षक संग अनुसूची ४ बमोजिम र तालिम संचालन गरिएको अवस्थामा प्रशिक्षकहरु संग कार्यक्रम संचालन समितिको सिफारिस बमोजिम सम्झौता गरेर कार्यक्रम संचालन गरिनेछ।

१२) यस कार्यक्रमको लागी आवश्यक कच्चा पदार्थ केराको थाम कृषक बाट खरिद गरि नियमानुसार भुक्तानी गरिने छ। साथै नियमानुसार ढुवानी खर्च भुक्तानी हुने गरी आवश्यकता अनुसार ढुवानी साधन समेत प्रयोग गर्न सकिने छ।

**ङ)कृषिजन्य उत्पादन , प्रोसेसिङ्ग, प्याकेजिङ्ग, ब्रनडिङ**

१)मसलाबालीहरुको उत्पादन, प्रसोधन, प्याकेजिङ्ग र बजारीकरणमा जोड दिइने र आवश्यकता अनुसार अन्य कृषिजन्य उत्पादनहरुलाई पनि जोड्न सकिने छ।

२)उत्पादन, प्रशोधन, प्याकेजिङ्ग र ब्राण्डिङ्ग सम्बन्धमा कृषि सहकारीहरूलाई प्राथामिकता दिइने छ।

३)यस उधेश्य अनुरुपका कृषिजन्य उत्पादनमा सहभागी हुन इच्छुक कृषक,समुह,सहकारी,फार्म,कम्पनि हरुलाई ५० % अनुदानमा बिउ,बेर्ना उपलब्ध गराउन सकिने छ।

४)प्रशोधन , प्याकेजिङ्ग तथा ब्राण्डिङ्ग सम्बन्धि कार्य गर्न इच्छुक सहकारीहरूलाई सहुलियतमा आवश्यक मेशिनरी र सो का लागि आवश्यक स्थान उपलब्ध गराउन सकिने छ।

५)प्रशोधन तथा प्याकेजिङ्ग कार्यमा आवद्ध लाभग्राहीले प्याकेटमा गाउँपालिकाको उत्पादन भएको पहिचान खुल्ने गरि ब्राण्डिङ्ग गर्नुपर्ने छ।

६)यस कार्यमा आवद्ध संस्था वासहकारीका लागि आवश्यक प्राविधिक तालिम गाउँपालिका मार्फत उपलब्ध हुने छ।

७)मसलाबालीहरुको प्रशोधन तरिका, गुणस्तर कायम, प्याकेजिङ्ग प्रविधि इत्यादिबारे प्राविधिक तालिम एवं उत्पादित प्रशोधित सामग्रीहरुको बजारीकरणका लागि कृषि विषय अध्यापन हुने विश्वबिद्यालय तथा अध्ययन संस्थान हरु संग समन्वय गरिने छ।

**च)कोल्ड रुम स्थापनाः**

१)कोल्ड रुम बनाउन इच्छुक कृषकसमूह,सहकारी,संस्थाहरुको लागि सूचना प्रकाशन गरि आवेदन माग गरिने छ।

गा. पा. अध्यक्ष

२)कृषक समूह,सहकारी,संस्थाहरुबाट कोल्डरुमका लागि आवेदन माग नआएको अवस्थामा गाउँपालिका मातहत रहने गरि निर्माण प्रक्रिया अगाडी बढाइने छ।

३)कोल्ड रुम निर्माणका लागि कृषि कार्यक्रम संचालन समिति साथै कृषि, योजना र प्राविधिक शाखाको बैठक मार्फत बोलपत्र मार्फत निर्माण कार्य अगाडी बढाइने छ।

छ)बागवानी बिकास कार्यक्रमः

१)न्यूनतम २ रोपनी क्षेत्रफलमा बागबानी संग सम्बन्धित कार्यक्रम जस्तै व्यावसायिक फलफूल खेति, पुष्प बगैंचा स्थापना इत्यादि संचालन गर्न इच्छुक कृषक,समूह,सहकारी,फर्म,कम्पनि हरुका लागि अनुसूची १ बमोजिमको सूचना प्रकाशन गरिनेछ।

२)कार्यक्रम ५०% अनुदानमा संचालन गरिनेछ र बढीमा प्रतिरोपनी रु ९०००/– अनुदान रकम उपलब्ध गराइनेछ। अनुदान रकमलाई परिमार्जन गर्न सकिने छ।

३)आवेदक हरुको आवेदनको आधारमा अनुसूची २ बमोजिम कृषि शाखाबाट अनुगमन पश्चात लाभग्राही छनोट गरिनेछ।

४)छनोट गरिएका लाभग्राहीहरुसंग अनुसूची ३ बमोजिमको सम्झौता गरिनेछ ।

५)यसै कार्यक्रम मार्फत कृषकहरूलाई ब्यावसायिक फूलखेतीमा अनुदान, गाउँपालिका मातहतका खालि जमिनमा समेत बागबानी बगैंचा स्थापना तथा ब्यावसायिक फूलखेती समेत गर्न सकिनेछ।

ज)सहकारी संग सहकार्य/मलमा अनुदान/कृषिजन्य पदार्थ ढुवानी

१)सहकारी संग सहकार्य गरि कृषि जन्य उत्पादन, बजारीकरण तथा प्रशोधन संग सम्बन्धित कार्यहरु संचालन गरिनेछ।

२)सहकारी संग सहकार्य गरि कृषि जन्य उत्पादन, बजारीकरण तथा प्रशोधन संग सम्बन्धित कार्यहरु संचालनका लागि आवश्यक सामग्री तथा मेशिनरीहरु गाउँपालिका मार्फत सहुलियतमा उपलब्ध गराउन सकिनेछ।

३)रासायनिक मल बिक्रि मूल्यमा गाउँपालिका भरि एकरुपता ल्याउन जिल्ला स्थित रासायनिक मल आपूर्ति स्थान देखि सहकारी सम्म मल ढुवानी एवं लोडिङ्ग, अनलोडिङ्ग कार्यमा गाउँपालिकाले अनुदान प्रदान गर्ने रासायनिक मलको बिक्रि मूल्य ...... अनुसार निर्धारण हुनेछ

४)गाउँपालिका भित्र उत्पादित सामग्रीहरु बजारीकरणमा ढुवानीका लागि गाउँपालिकाको अनुदान मार्फत श्री कृष्णगण्डकी साना किसान कृषि सहकारी संस्थामा खरिद भएको कृषि एम्बुलेन्स मार्फत आवश्यकता अनुसार ढुवानी गर्न सकिने छ।

झ)कृषि सामग्री खरिद सम्बन्धमाः

१)कृषकहरुको सेवा, सुबिधा तथा सहजिकरणका लागि आवश्यक पर्ने विभिन्न मेशिनरीहरू, नियमित एवं आपतकालीन कृषिजन्य औषधि/बिषादी तथा अन्य सामाग्रीहरु खरिद समितिको सिफारिसमा कृषि शाखाले खरिद गर्न सक्नेछ।

ञ)अन्य कार्यक्रमहरु सम्बन्धमाः

खिम बहादुर थापा
गा. पा. अध्यक्ष

१)कृषि शाखाको लागि बजेट बिनियोजन गरिएका बाहेक अन्य शाखामा बिनियोजन गरिएका बजेटहरुबाट कार्यक्रम तथा अन्य निकाय मार्फत बजेट बिनियोजन भई आएका कार्यक्रमहरु संचालन गर्नुपर्ने भएमा कृषि कार्यक्रम संचालन समिति साथै आवश्यकता अनुसार बजेट विनियोजित शाखाको कर्मचारी समेतको उपस्थितिमा बैठक बसी कृषि शाखा मार्फत कार्यक्रम संचालन गर्न सकिनेछ।

२)कार्यक्रम संचालन गर्नुपूर्व कार्यक्रम विवरण र पुर्ण अनुमानित खर्च विवरण सहितको प्रस्तावना प्रमुख प्रशासकीय अधिकृत मार्फत स्वीकृत गरि स्वीकृत प्रस्तावना अनुसार कार्यक्रम सम्पन्न गरि कृषि शाखाले नै भुक्तानी लिन सक्नेछ।

परिच्छेद–६

**६)आर्थिक पक्ष तथा भुक्तानी सम्बन्धमा**

क)कार्यक्रम संचालनका क्रममा पेश्की आवश्यक परेमा सम्बन्धित कार्यक्रममा विनियोजित बजेट बाट पेश्की रकम लिई कार्यक्रम संचालन गर्न सकिने छ।

ख)कार्यक्रमको खर्च भुक्तानी कार्यक्रम सम्पन्न भएपश्चात हुनेछ र कार्यक्रम संचालनको क्रममा पेश्की लिइएको भए पेश्की फछ्यौंट समेत गर्नुपर्नेछ ।

परिच्छेद–७

**७)खरिद सम्बन्धमा**

क)खरिद सम्बन्धि सम्पुर्ण कार्यहरु खरिद समिति मार्फत वा खरिद समितिका बहुमत सदस्यको सिफारिसमा सम्बन्धित शाखाबाट हुनुपर्नेछ।

ख)सामग्री खरिदका लागि माग फारम, खरिद आदेश, दाखिला प्रतिवेदन एवं खरिद समितिको निर्णय लगायतका सम्पुर्ण आवश्यक प्रक्रिया पुरा गरेको हुनुपर्नेछ।

परिच्छेद–८

**८)अनुगमन समिति**

क)अनुगमन समिति देहाय बमोजिमको हुनेछः

गाउँपालिका उपाध्यक्षः संयोजक

योजना शाखाः सदस्य

सम्बन्धित वडाको वडाध्यक्ष ( आवश्यक भएमा): सदस्य

अन्य शाखाको कर्मचारी ( आवश्यक भएमा): सदस्य

कृषि शाखाः सदस्य सचिव

ख)अनुगमन समितिका सदस्यहरुलाई नियमानुसार अनुगमन भत्ता उपलब्ध गराउन सकिने छ।

परिच्छेद ९

**९)बिबिध**

१)यस कार्यविधिमा उल्लेख भएका कुराहरु जस्तै अनुदान रकम, सम्झौता इत्यादि तथा अन्य कुनै कुराहरु संसोधन एवं परिमार्जन गर्नुपर्ने भएमा कृषि कार्यक्रम संचालन समितिको बैठक बसी गर्न सकिनेछ र सो बैठकको निर्णय प्रतिलिपि कार्यक्रम संचालनका क्रममा कार्यविधि बमोजिम मान्य हुनेछ।

२)यस कार्यविधिमा उल्लेख भएका कुराहरु यसै कार्यविधि बमोजिम र अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछन।

## अनुसूची १( दफा ५ ग को उपदफा १ रदफा ५ छ को उपदफा १ सँग सम्बन्धित )

५०% अनुदानमा व्यावसायिक ................................................... कार्यक्रम संचालनका लागि आवेदन माग सम्बन्धि

### सूचना

( प्रथम पटक प्रकाशित मितिः२० //  )

यस गाउँपालिका भित्र प्रति बगैंचा न्यूनतम २ रोपनी क्षेत्रफलमा व्यवसायिक .....................................खेती गर्न ईच्छुक कृषक,कृषक समुह,कृषि सहकारी,कृषि फार्म,कृषि उद्धमी,कृषि कम्पनि हरुलाई तपसिल बमोजिम व्यावसायिक फूलखेती कार्यक्रम संचालन गरिने हुँदा यो सूचना प्रकाशित भएको मिति देखि ७ दिन भित्रमा तपसिलमै उल्लेखित कागजात संलग्न राखी यस गाउँपालिकाको कृषि शाखामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

कार्यक्रम विवरणः

- न्यूनतम क्षेत्रफलः २ रोपनी
- अनुदान रकमः लागतको ५०% वा बढिमा प्रतिरोपनी रु ९०००/–
- अनुदान उपभोग गर्न सकिने क्षेत्रहरुः  जमिन तयारी, मलखाद, सिँचाइ, औषधी, बिषादी, औजार उपकरण तथा आवश्यक सामग्री खरीद, कामदार ब्यवस्थापन आदी।

जमिन विवरणः

पारिलो , सिंचाई सुविधा भएको , पानी नजम्ने तथा .................. खेतीका लागि उपयुक्त

आवश्यक कागजातहरुः

- कार्यक्रम माग सम्बन्धि आवेदन
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- जग्गाधनीको प्रमणपत्रको प्रतिलिपि वा जग्गा भाडामा लिइएको भए करार सम्झौताको प्रतिलिपि
- कृषक समुह,कृषि सहकारी, कृषि फार्म, कृषि उद्धमी, कृषि कम्पनि हरुको हकमा दर्ता प्रमाण पत्रको प्रतिलिपि

( नोटः थप जानकारीका लागि यस गाउँपालिकाको कृषि शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ। )

## अनुसूची २( दफा ५ ग को उपदफा २ रदफा ५ छ को उपदफा ३ सँग सम्बन्धित )

कालीगण्डकी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

कृषि शाखा, बिर्घा स्याङ्जा

.................................... कार्यक्रम

अनुगमन प्रतिवेदन

कृषकको नामथरः

वडाः

जमिन क्षेत्रफललः

कृषकको सम्पर्क नम्बरः

| क्र.सं. | विवरण | बगैचाको अवस्था |
|---|---|---|

| | | |
|---|---|---|
| १ | जमिनको प्रकार | पानी जम्ने/नजम्ने |
| २ | सिचाई अवस्था | सिंचित /असिचित |
| ३ | सिचाइको श्रोत | |
| ४ | सिचाई श्रोत देखि जमिनको दुरी | |
| ५ | जमिनको प्रकार | समथर /भिरालो /अति भिरालो |
| ६ | कुल क्षेत्रफलमा रहेको खेत÷बारीको संख्या | |
| ७ | जमिनको चौडाई | फराकिलो /मध्यम/छोटो |
| ८ | जमिनको लम्बाई | लामो /मध्यम /छोटो |
| ९ | हाल गरिरहेको खेति | |
| १० | हाल जमिनमा | खेति गरिरहेको /खाली रहेको |
| ११ | यसभन्दा अघि लगाइएको बाली | |
| १२ | उर्वराशक्ति | अति उर्वर /मध्यम /कम उर्वर |
| १३ | बजारीकरण योजना | |
| १४ | मलखाद | आफ्नै घरमा रहेको /खरिद गर्नुपर्ने |
| १५ | मलखाद उपलब्धता | गाई भैंसीको /बाख्राको/कुखुराको |
| १६ | कामदार ÷ जनशक्ति | घरमा नै उपलब्ध/ज्यालादारीमा लगाउनुपर्ने |
| १७ | जमिनमा प्रकाश | मज्जाले घाम पर्ने /हल्का पर्ने/नपर्ने |
| १८ | कार्यक्षेत्रमा छेउकुनामा रुखबिरुवा | छहारी पर्ने /खासै असर नगर्ने /नरहेको |
| १९ | जमिनको प्रकार | साना साघुरा बारी/मध्यम/लामा फराकिला बारी |

अनुगमन प्राविधिकको रायः

अनुगमन कर्ताः

नामः मितिः हस्ताक्षरः

**अनुसूची ३( दफा ५ ग को उपदफा ३ रदफा ५ छ को उपदफा ४ सँग सम्बन्धित )**

............................................कार्यक्रम–२०८० संचालनका लागि कृषक श्री .................................... र

कालीगण्डकी गाउँपालिका बिचको

सम्झौता पत्र

कालीगण्डकी गाउँपालिका बिर्घा, स्याङ्गजाको आ व २०७९÷०८० को स्वीकृत कृषि तर्फको कार्यक्रम .................कार्यक्रम संचालनको लागि कालीगण्डकी गाउँपालिका बिर्घा, स्याङ्गजा ( यस भन्दा पछाडी पहिलो पक्ष भनिने ) र छनोट भएका कृषक श्री ..................................................................( यस भन्दा पछाडी दोश्रो पक्ष भनिने ) बिच तपसिल शर्तनामाहरु पुरा हुने गरी,गराई कार्यक्रम सम्पन्न गर्ने सम्झौता सहमति भएको छ।

शर्तहरुः

१ पहिलो पक्षले दोश्रो पक्षलाई व्यावसायिक ............................. कार्यक्रम संचालनको लागि प्रति रोपनी रु ९०००/– को दरले हुन आउने रकम कार्यसम्पन्न पछि उपलब्ध गराइने छ।

२ सूचनामा उल्लेख भएबमोजिम ५० % लागत साझेदारीको कार्यक्रम भएकाले दोश्रो पक्षबाट प्रतिरोपनी रु १८०००/– बराबरको कार्यसम्पन्न गर्नुपर्ने छ।

३. यो सम्झौता भएको मितिदेखि प्रारम्भ भएको मानिनेछ।

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिर्त्यु, स्याङ्जा
२०७३

४.छनोट भएका कृषक/कृषक समूह/फर्मले सम्झौता भएको मितिले ७ दिन भित्र कार्य सुरु गर्नुपर्नेछ।

५.सम्झौतामा उल्लेख भएबाहेकका कार्यमा विवाद आएमा दुवै पक्षको सहमतिमा समाधान गरिनेछ।

६. पहिलो पक्षले दोश्रो पक्षलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनेछ साथै उत्पादन बजारिकरणमा पनि सहयोग र सहजीकरण गर्नेछ।

७. दोश्रो पक्षले व्यावसायिक ................कार्यक्रम संचालन तथा सम्पन्न पश्चात पहिलो पक्षलाई बिल भरपाई तथा आम्दानि ( फूलखेतिको हकमा) खर्च विवरण पेश गर्नुपर्ने छ साथै कार्य मुल्यांकन गरि एकमुष्ट रुपमा अनुदान रकम उपलब्ध गराइने छ।

८. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन अनुसार हुनेछ।

सम्झौतामा सहि छाप गर्ने

दोश्रो पक्षको तर्फबाटः
कृषक श्री.........................
ठेगाना .........................
दस्तखत.........................
मिति .......................

नाम .........................
पद ..........................
दस्तखत ......................

नाम ............................
पद ..............................
दस्तखत ......................
मिति ...........................

प्रथम पक्षको तर्फबाटः

रोहबरः

## अनुसूची ४( दफा ५ ख को उपदफा अ ३ र दफा ५ घ को उपदफा १२ सँग सम्बन्धित )

कालीगण्डकी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, स्याङ्जा र ................................ बीच भएको सम्झौता

कालीगण्डकी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, स्याङ्जा (यसपछि पहिलो पक्ष भनिएको) र ......... जिल्ला, ................ गाउँपालिका वडा नं............... बस्ने श्री .................... (यसपछि दोश्रो पक्ष भनिएको) का बीच कालीगण्डकी गाउँपालिकाको ......................को कामकाज गर्न गराउन .......................................को निर्णय बमोजिम देहायका कार्य÷शर्तको अधिनमा रही दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक÷एक प्रति आपसमा बुझी लियौंदियौं।

१.कामकाज सम्बन्धमाः दोस्रो पक्षले आफूलाई तोकिएको संलग्न कार्य विवरण ............................................................................................................................................ ........................................................................................ अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नुपर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ।

२. काम गर्नुपर्ने स्थानः कालीगण्डकी गाउँपालिका...........................................।

३. काम गरे बापत पाउने पारिश्रमिकः प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई ........................................ रुपमा रकम रु............... पारिश्रमिक उपलब्ध गराउनेछ।

४. आचरणको पालनाः दोश्रो पक्षले प्रचलित कानूनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नुपर्नेछ। विना जानकारी विदामा बस्ने, कार्यालयको सूचना अनधीकृत रुपमा बाहिर दिने, गोपनियता भंग गर्ने, सम्झौतामा उल्लिखित भन्दा अन्य अनावश्यक माग राख्ने जस्ता गतिविधि गर्न पाइने छैन। यस्ता क्रियाकलाप गरेमा प्रथम पक्षले दोस्रो पक्ष जुनसुकै समयमा पनि सम्झौता रद्द गर्न सक्नेछ।

५. विदाः दोस्रो पक्षलाई भैपरी र पर्व विदा उपलब्ध हुने छ। साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनुपर्नेछ। यसरी सार्वजनिक विदाको दिनमा कार्यालयमा काम लगाए वापत मासिक करार रकमको दामासाहीले रकम दोस्रो पक्षलाई दिइनेछ। साथै सार्वजनिक विदाको दिन बाहेक अन्य दिन अनुपस्थित भएको अवस्थामा अनुपस्थित भएको दिनको पारिश्रमिक भुक्तानी गर्न कार्यालय बाध्य हुने छैन।

खिम बहादुर थापा
गा. पा. अध्यक्ष

६. कार्यालय सम्पत्तिको सुरक्षाः दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७. गोप्यताः दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ ।

८. करार अवधिः यो करार ............... गते देखि लागू भई ..................सम्मको लागि हुनेछ ।

९. कार्यसम्पादन मूल्यांकनः पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालबसाली निरन्तरता दिन उपयुक्त देखिएमा .................................. अवधिको लागि थप हुन सक्नेछ ।

१०. पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा बढी सेवा उपलब्ध नगराएमा वा सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गर्न सक्नेछ, वा सो भन्दा बढी सेवा नगरेमा स्वतः यो सम्झौता पहिलो पक्षले रद्द गरी अर्को व्यवस्था गर्न बाधा पर्ने छैन। दोस्रो पक्षले शारीरिक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लङ्घन गरेमा दोस्रो पक्षसँगको सम्झौता रद्द सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखी काम लगाउन बाधा पर्ने छैन।

११. दावी नपुग्नेः दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि दाबी गर्न पाउने छैन/गर्ने छैन ।

१२. प्रचलित कानून लागू हुनेः यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित कानून बमोजिम हुनेछ।

| | |
|---|---|
| कालीगण्डकी गाँउपालिकाको तर्फबाट | दोस्रो पक्ष (करार गर्ने व्यक्ति) |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः प्रमुख प्रशासकीय अधिकृत | ठेगानाः |
| कार्यालयको छापः | |

रोहवर

श्री , प्रशासन शाखा प्रमुख, कालीगण्डकी गा.पा., स्याङ्जा।

हस्ताक्षरः

इति सम्बत................. साल .............. महिना .......... गते रोज .........शुभम्.......................।

कालीगण्डकी गाउँपालिका
कार्यपालिकाको कार्यालय
बिर्घा, स्याङ्जा

**अनुसूची ५( दफा ५ ख उपदफा आ १ सँग सम्बन्धित )**

अनुदानमा ड्रागन बगैंचा स्थापनाका लागी आवेदन माग सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मितिः २० / / )

कालीगण्डकी गाउँपालिका भित्र प्रतिबगैंचा न्यूनतम ...........पिलरमा............... ड्रागन फ्रुट बिरुवा लगाउन इच्छुक कृषक/कृषक समुह/सहकारी/फार्म/उद्धमी/कम्पनीहरुलाई शतप्रतिशत अनुदानमा पिलर तथा ५०% अनुदानमा ड्रागन बिरुवा उपलब्ध गराई अनुदानमा ड्रागन फ्रुट बगैंचा स्थापना कार्यक्रम संचालन गर्न लागिएको हुँदा यो सूचना प्रकाशन भएको मिति देखि सात (७) दिन भित्रमा तपसिलमा उल्लेखित कागजात सहित यस गाउँपालिकाको कृषि शाखामा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको लागि अनुरोध छ।

तपसिल

आवश्यक कागजातहरुः

- कार्यक्रम माग सम्बन्धि आवेदन
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा जग्गा भाडामा लिइएको भए करार सम्झौताको प्रतिलिपि
- कृषक समुह/कृषि सहकारी/कृषि फर्म/कृषि कम्पनिहरुको हकमा दर्ता प्रमाणपत्र, कराचुक्ताको प्रमाणपत्र को प्रतिलिपि

( नोटः थप जानकारीका लागि कालीगण्डकी गाउँपालिका कृषि शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ )

१०।१९।५१

खिम बहादुर थापा
गा. पा. अध्यक्ष